# निर्वाचन
# र
# मानव अधिकार

## सङ्क्षिप्त जानकारी




**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन, ललितपुर
फोन नं: ०१५०१००१५, १६, १७, १८
हटलाइन : ५०१००००

### निर्वाचन र मानव अधिकार

निर्वाचन नागरिकको अभिमत प्रकट गर्ने माध्यम हो। नागरिकको सार्वभौमसत्ताको प्रयोगको आधार हो। सरकारलाई वैधानिकता प्रदान गर्ने विधि हो। आवधिक निर्वाचनविना लोकतन्त्र र मानव अधिकारको परिकल्पना पनि गर्न सकिँदैन। त्यसैले विश्वका लोकतान्त्रिक मुलुकले आवधिक निर्वाचनलाई लोकतन्त्रको अनिवार्य शर्त मानी व्यवहारमा अवलम्बन गर्दै आएका छन्। निर्वाचन स्वच्छ, निष्पक्ष, भयमुक्त वातावरणमा हुन आवश्यक हुन्छ। निर्वाचनमा आवधिक, लोकतान्त्रिक विधि–पद्धतिको अवलम्बन, नागरिकको सहभागिता लगायत तत्त्वहरूको अपरिहार्यता हुनुपर्दछ।

### आवधिक निर्वाचन किन ?

(क)आवधिक रूपमा नागरिकको अभिमत प्रकट गर्न,
(ख)शासन–प्रणालीलाई वैधानिकता प्रदान गर्न,
(ग)नागरिकको चाहनाअनुसार प्रतिनिधिमूलक प्रणालीमार्फत शासन सञ्चालन गर्न,
(घ)मुलुकको शासन–प्रणालीलाई स्थिर, प्रभावकारी
र गतिशील बनाउन,
(ङ) स्थानीय तहसम्म लोकतन्त्रलाई संरक्षण, सम्बर्द्धन र संस्थागत विकास गर्न,
(च)राज्यका निकाय एवम् राजनैतिक संस्थाहरू बिच आपसमा सन्तुलन, समन्वय र विश्वसनीयतामा वृद्धि गर्न,
(छ)पछाडि पारिएका वर्ग, समुदाय एवम् क्षेत्रमा सही प्रतिनिधित्व गर्न,
(ज)समानुपातिक समावेशिताको अवधारणालाई व्यवहारमा उतार्न,
(झ) राजनीतिक दल एवम् राज्य–सञ्चालकहरूलाई नागरिकप्रति जवाफदेही बनाउन,
(ञ)नागरिकलाई राजनीतिक शिक्षामार्फत लोकतान्त्रिक मूल्यमान्यतासँग एकाकार गराउन,
(ट)जनसहभागितामा आधारित योजनाबद्ध विकास नागरिकको घरदैलोमा पुर्‍याउन,
(ठ) विकास कार्यमा नागरिकलाई सरिक गराउन,
(ड) आर्थिक अनुशासन कायम राख्न,
(ढ) आम नागरिकलाई सरकारको उपस्थितिको अनुभूति गराउन र
(ण) संविधानको सफल कार्यान्वयन गर्न/गराउन आदि।

### निर्वाचनसम्बन्धी महत्त्वपूर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय केही प्रावधानहरू

आवधिक निर्वाचन लोकतन्त्रको आधारस्तम्भ

हो। यस सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूमा पनि व्यवस्था गरिएको छ । जसमा केही प्रमुख प्रावधानहरू निम्नानुसार रहेका छन्:

## राष्ट्रिय प्रावधान

### संवैधानिक प्रावधान

नेपालको संविधानको प्रस्तावना- बालिग मताधिकार र आवधिक निर्वाचन
नेपालको संविधानको धारा २४५-२४६-२४७- निर्वाचन आयोग

### निर्वाचनसँग सम्बन्धित ऐन

### निर्वाचन आयोग ऐन, २०७३

निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न,

### निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३

निर्वाचन स्वच्छ र स्वतन्त्र बनाउनका लागि निर्वाचन कसुर र सजायसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्नऐन व्यवस्था गरेको छ ।

### मतदाता नामावलीसम्बन्धी ऐन, २०७३

यस ऐनले मतदानका लागि योग्य हुने नेपाली नागरिकको योग्यता निर्धारण गर्नुका साथै मतदाताको नाम तथा अन्य आवश्यक विवरण संकलन गर्ने, मतदाता नामावली तयार तथा अद्यावधिक गर्ने सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्ने व्यवस्था गरेको छ ।

### अन्य

· निर्वाचन आयोग नियमावली, २०७३
· प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२

## अन्तर्राष्ट्रिय प्रावधान

### मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१ को १, २ र ३

· प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत भाग लिने अधिकार हुनेछ।

· प्रत्येक व्यक्तिलाई उसको देशको सरकारी सेवामा समानरुप प्रवेशको अधिकार हुनेछ ।

जनताको इच्छा सरकारको शासन-सञ्चालनको आधार हुनेछ । जुन इच्छा सर्वव्यापी एवम् समान मताधिकारद्वारा हुने आवधिक तथा वास्तविक निर्वाचन गोप्य मतदानद्वारा अभिव्यक्त गरिनेछ

### नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा २५ को क, ख र ग

प्रत्येक नागरिक धारा २ मा उल्लेख गरिएका कुनै भेदभावविना तथा अनुचित प्रतिवन्धहरू विना देहायका कुराको अधिकार तथा अवसर हुनेछ। प्रत्यक्षत: अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने, सर्वव्यापी तथा समान मतदान एवम् योग्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको सुनिश्चितता गरिएको वास्तविक आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने, समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने।

### महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ धारा ७

पक्षराष्ट्रहरूले मुलुकको राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न विशेषत: समान आधारमा पुरुषसरह महिलालाई देहायका अधिकारहरू उपलब्ध गराउन आवश्यक कदम चाल्नेछन्:

· सबै निर्वाचन तथा जनमत सङ्ग्रहमा मत दिने अधिकार तथा सार्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

· सरकारी नीति-निर्माणमा तथा त्यसको कार्यान्वयनमा सरिक हुने तथा सार्वजनिक पद धारण गर्ने सबै सरकारी निकायमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार,

· मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संस्था तथा सङ्गठनहरूमा भाग लिन पाउने अधिकार।

## सबै प्रकारका जातीय विभेद निर्मूल गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ को धारा ५ (ग)

राजनीतिक अधिकारहरू विशेषतः सर्वव्यापी र समान मतदानका आधारमा निर्वाचनमा भाग लिने, मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक कार्य सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक  सेवामा समान पहुँचको अधिकार।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २९

राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरू सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्तो अधिकारहरूको उपभोग गर्ने अवसरको प्रत्याभूत दिनेछन् र देहायका कुराहरू गर्ने कबुल गर्नेछन्:

अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुने लगायत प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्णरूपमा सहभागी हुन सकेका छन् भनी सो कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने,

मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त पहुँचयोग्य, बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने,

अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पद धारण गर्ने र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा प्रयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने,

अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्र रूपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने।

## निर्वाचनमा मानव अधिकारका मुख्य सवालहरू

- संविधान र कानुनको दायरामा रही विचार र अभिव्यक्तिको स्वतन्त्रता,
- शान्तिपूर्वक भेला हुन पाउने, सभा सम्मेलन गर्न पाउने अधिकार,
- स्वतन्त्र तथा स्वच्छ निर्वाचन र भयरहित वातावरणमा मतदान गर्न पाउने अधिकार,

निर्वाचन सम्बन्धी न्यायको लागि सक्षम निकाय र सो सँगको सरल पहुँच,

- आम नागरिकसँग सम्बन्धित

- निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रियामा सहभागी हुन पाउने अधिकार,
- मतदाता सूचीमा संलग्न नेपाली नागरिकको उम्मेदवार बन्न पाउने अधिकार,
- गोप्य मतदान गर्न पाउने र निर्वाचित हुने अधिकार,
- निर्वाचन स्वतन्त्र, स्वच्छ र पारदर्शी र भयरहित वातावरणमा हुनुपर्ने निर्वाचन प्रणालीको सुनिश्चितता र
- निर्वाचनसम्बन्धी गतिविधि सम्बन्धमा सुसूचित हुन पाउने अधिकार ।

## निर्वाचन अनुगमन

निर्वाचन अनुगमन कार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, विना धाँधली र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन सहयोग पुगोस् भन्ने उद्देश्यले निर्वाचन अनुगमन गरिन्छ । यसबाट विगतमा देखिएका गल्ती/कमजोरीहरूलाई सुधार गर्दै आगामी निर्वाचन पुनरावृत्ति हुन नदिन सहयोग पुग्न जान्छ ।

**अनुगमनका मुख्य सिद्धान्तहरू**

- हानी नपुऱ्याउने,
- तथ्यपरकता,
- पारदर्शिता,
- निष्पक्षता,
- तटस्थता,
- लैंगिक समावेशिता
- विश्वसनीयता र
- संविधान, कानुन एवम् अन्तर्राष्ट्रिय प्रावधानको पालना आदि ।

## निर्वाचनपूर्वको अवस्थाको अनुगमन

- निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण, उम्मेद्वार चयनमा समावेशीकरण र बहुलवादको प्रत्याभूति,
- अभिव्यक्ति, प्रकाशन तथा आवत-जावतमा स्वतन्त्रता,
- निर्वाचनसम्बन्धी आवश्यक कानुन/नियमको अवस्था,
- न्यायिक उपचारको लागि स्वतन्त्र तथा सक्षम न्यायिक निकायको व्यवस्था,
- स्वतन्त्र र सक्षम न्यायपालिका, न्यायालयसम्म सरल पहुँच, छिटो न्याय पाउने अवस्था,
- निर्वाचनमा जनसहभागिता, मतदाता नामावली, मतदाता शिक्षा, आवश्यक सामग्री
- राज्यका संयन्त्रहरू एवम् सरकारी अधिकारीहरूको भूमिका र दलहरूका गतिविधि

· एवम् निर्वाचन आचारसंहिताको पालना

## निर्वाचन अवधिको अनुगमन

- मतदान केन्द्रको छनोट र मतदाताहरूको पहुँचको अवस्था र प्राथमिकता (विशेषतः अपाङ्गता भएका व्यक्ति, अशक्त नागरिक, ज्येष्ठ नागरिक, सुत्केरी महिला)
- मतदानको लागि स्वतन्त्रता, भयरहित आवतजावतको वातावरण
- शान्तिसुरक्षाको व्यवस्था (मतदाता, उम्मेद्वार, कर्मचारी, मतदानस्थल, मतपेटिका आदि)
- मतदान अधिकारी, कर्मचारी, सुरक्षा अधिकारीहरूको व्यवहार
- उम्मेदवार वा दलका गतिविधि
- गोप्यमतको अवस्था र
- प्रतिनिधि छनोटको अवस्था

## मतदान समापनपछिको अनुगमन

- मतपेटिकाको उचित सुरक्षा व्यवस्था र विश्वसनीयता
- निर्वाचित जनप्रतिनिधि, उम्मेद्वार र

- मतदाताहरूको सुरक्षा अवस्था
- मतगणना आचारसंहिताको तर्जुमा र परिपालना
- निष्पक्ष मतगणनाको व्यवस्था र
- नतिजा स्वीकार वा अस्वीकारको अवस्था
- जनमतको सम्मानको अवस्था
- विजय जुलुस प्रदर्शन,
- निर्वाचन परिणाम पश्चात् समाजमा कुनै घटना भए/नभएको सम्बन्धमा।

## सरोकारवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोगको आग्रह

### नेपाल सरकार

- यथाशक्य बढीभन्दा बढी दलहरूलाई निर्वाचनमा सहभागी हुने वातावरण तय गर्न
- निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रियामा शान्ति-सुरक्षा अमनचैन कायम राख्न
- राजनीतिक दलहरूलाई स्वतन्त्र रूपमा निर्वाचन गतिविधिहरू सञ्चालनार्थ वातावरण सिर्जना गर्न
- निर्वाचनलाई प्रभावित हुने प्रकृतिका कार्य एवम् अभिव्यक्ति प्रवाह नगर्न
- मतदाताहरूलाई निर्भयताका साथ मतदान गर्ने वातावरणको निर्माण र मतदाता शिक्षा सञ्चालन गर्न
- सामाजिक सद्भाव कायम राख्नको लागि आवश्यक कार्य गर्न
- निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोगलगायतका संवैधानिक अङ्गहरूलाई आवश्यक सहयोग पुर्याउन र
- निर्वाचन आयोगद्वारा जारी आचारसंहिता पूर्ण पालना गर्न/गराउन

### राजनीतिक दलहरूलाई

### विचार अभिव्यक्तिको स्वतन्त्रता र सीमा

संविधान प्रदत्त विचार अभिव्यक्तिको स्वतन्त्रतामा विश्वास एवम् सम्मान गर्न

- राष्ट्रिय अखण्डता, सार्वभौम सत्ताविपरीत अभिव्यक्ति नदिन
- कुनै पनि व्यक्ति, उम्मेदवार विशेष, जातजाति, धर्म, सम्प्रदायबीचको सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रकट नगर्न
- राजनीतिक प्रकृतिका उत्तेजित मतहरू प्रकट नगर्न
- मतदाताहरूलाई गलत प्रभावित पार्न असम्भव एवम् भ्रामक विचारहरू प्रवाह नगर्न
- सबैको वैचारिक असहमति व्यक्त गर्न पाउने अधिकारको सुनिश्चितता एवम् सम्मान गर्न
- उम्मेदवार वा कुनै पनि दल वा समूहमा संलग्न व्यक्तिहरू अपहरण गर्ने, बन्धक तुल्याउने, कुटपिट गर्ने, धम्की दिने लगायतका गैरकानूनी क्रियाकलापमा संलग्न नहुन र
- आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अन्य

- व्यक्ति/समुदाय वा दलसमेतको स्वतन्त्रता र आत्मसम्मानको सम्मान गर्न
- सभा-सम्मेलन गर्ने स्वतन्त्रता
- निर्वाचनको पक्ष र विपक्षमा गरिने सभा/सम्मेलन/कार्यक्रमहरू शान्तिपूर्ण, निर्वाध एवम् सहज वातावरणमा सम्पन्न गर्न
- एकै समयमा, एकै स्थानमा कार्यक्रमहरू आयोजना नगर्न र भूलवश त्यस्ता कार्यहरू हुने अवस्था सिर्जना भएको खण्डमा त्यसलाई वार्ता, छलफल वा संवादमार्फत राजनीतिक रूपमा निकास खोज्न
- दलविशेषका शान्तिपूर्ण सभा/ र्‍याली लगायतका कार्यक्रममा ढुङ्गामुढा गर्ने, व्यवधान खडा गर्ने र विथोल्ने जस्ता अलोकतान्त्रिक गतिविधि नगर्न
- शान्तिपूर्ण सभाजुलुस/ र्‍याली एवम् प्रदर्शनका क्रममा टायर बाल्ने र मसाल जुलुस गर्ने, लाठीभाला, खुकुरी लगायतका घरेलु हतियार बोक्न/ प्रदर्शन नगर्न र
- निर्वाचनलाई प्रभावित पार्ने गरी बन्द, हडतालजस्ता कार्यक्रमहरू नगर्न

### अन्य

- कसैको मताधिकारलाई प्रभावित गर्ने र अनुचित दबाब दिने कार्य नगर्न/नगराउन
- जबर्जस्ती चन्दा असुली कार्य नगर्न एवम् निर्वाचनको क्रममा भएको आय-व्यय/खर्चको विवरण सार्वजनिक गरी पारदर्शी बनाउन
- निर्वाचन प्रसार-प्रचार वा अन्य कुनै पनि उद्देश्यबाट सार्वजनिक सम्पत्ति र कसैको पनि व्यक्तिगत सम्पत्ति र यातायातका साधन जबर्जस्ती कब्जा नगर्न
- विपक्षी उम्मेदवार, सहयोगी वा कसैलाई पनि कालो मोसो दल्ने वा हुलहुज्जत गरी उसको मान-मर्यादामाथि आघात नपुर्‍याउन
- सरकारी वा दलीय आडमा आ-आफ्नो पक्षमा मतदातालाई आकर्षित गर्ने उद्देश्यले विकास निर्माणका कार्य, सरकारी साधन र संयन्त्रको दुरुपयोग एवम् प्रशासन संयन्त्रलाई राजनीतिकरण नगर्न
- बालबालिकाहरूलाई राजनीतिक उद्देश्य वा अन्य प्रयोजनका लागि सभाजुलुस आदिमा संलग्न नगराउन
- संविधान प्रदत्त समावेशीताको सिद्धान्तलाई आत्मसात गरी व्यवहारमा लागू गर्न
- मानव अधिकार, प्रेस स्वतन्त्रतासहित आधारभूत स्वतन्त्रताका मूल्यमान्यताको पूर्णतः सम्मान गर्न
- निर्वाचन आचारसंहिताको कडाइका साथ पालना गर्न र

- कानून बमोजिम शान्तिपूर्ण रूपमा आफ्ना गतिविधि सञ्चालन गर्न र गैर कानूनी कार्यमा संलग्नहरूलाई कानूनी कारवाहीका लागि प्रशासनलाई आवश्यक सहयोग गर्न

## निर्वाचन आयोगलाई

- निर्वाचन आयोगबाट जारी भएका आचारसंहिताको पूर्ण रूपमा पालना गराउन
- आचारसंहिता उल्लङ्घनमा संलग्न दल तथा उम्मेदवारलाई निर्वाचन कानूनतः तत्काल कारवाहीको दायरामा ल्याउन
- निर्वाचनसँग सम्बन्धित मतदाता शिक्षा प्रभावकारी रूपमा लागू गर्न
- सबै मतदाताहरूको सहज पहुँच हुने स्थान र दुरीमा मतदान केन्द्रको व्यवस्था गर्न र
- अपाङ्गता भएका मतदाता, ज्येष्ठ नागरिक तथा बिरामी मतदातालाई मतदान केन्द्रमा सहज पहुँचको लागि आवश्यक व्यवस्था गर्न

## पर्यवेक्षणमा संलग्न सङ्घसंस्थाहरूलाई

- निर्वाचन सम्बन्धी गतिविधिहरूको स्वतन्त्र एवम् निष्पक्ष रूपमा अनुगमन गर्न
- मतदाता शिक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न र
- पर्यवेक्षकको सीमाबाहिर गई राजनीतिक दलहरूसँगको आबद्ध नहुन वा राजनीतिक गतिविधिमा संलग्न नभई तटस्थ र निष्पक्ष रहन

## सञ्चार-माध्यमलाई

- निर्वाचनलाई प्रतिकूल असर पार्ने प्रकृतिका सामग्री वितरण एवम् सम्प्रेषण नगर्न
- राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता प्रतिकूल हुने अभिव्यक्ति सञ्चार नगर्न
- कुनै पनि व्यक्ति, जातजाति, धर्म, सम्प्रदायबीचको  सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रवाह नगर्न/नगराउन र
- निर्वाचन आचारसंहिता प्रभावकारी रूपमा पालना गर्न/गराउन
- आम नागरिक तथा मतदातालाई
- आफ्ना अधिकारको बारेमा सचेत रहन
- कसैको कुनै पनि दबाब प्रभावमा नपरी निर्भिकताका साथ मताधिकारको सही प्रयोग गर्न र
- गोप्य मतदानको अधिकार प्रयोग गरी सार्वभौमसत्ता सम्पन्न नागरिको भूमिका निर्वाह गर्न।


प्रदेश कार्यालयहरु
कोशी प्रदेश कार्यालय, शिरोमणि मार्ग, विराटनगर
फोन नं. : ०२१-५९०९९३    इमेल: nhrcbrt@nhrcnepal.org
कार्यालय प्रमुख : ९८५२०२२४४८

मधेश प्रदेश कार्यालय, जनकपुरधाम, देवीचौक, धनुषा
फोन नं. : ०४१-५९०८१३  इमेल: nhrcjnk@nhrcnepal.org
कार्यालय प्रमुख : ९८५४०२९७०६

बाग्मती प्रदेश कार्यालय, हेटौडा
फोन नं. : ०५७-५९१२११ इमेल: nhrcsnp@nhrcnepal.org
कार्यालय प्रमुख : ९८५५०७६३११

गण्डकी प्रदेश कार्यालय, पर्यटन मार्ग, पोखरा
फोन नं. : ०६१-५८६०५९  इमेल: nhrcpkr@nhrcnepal.org
कार्यालय प्रमुख : ९८५६०२६९७७

लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही,
फोन नं. : ०७१-४१०१७५  इमेल: nhrcbtl@nhrcnepal.org
कार्यालय प्रमुख : ९८५७०४४५५१

कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
फोन नं. : ०८३-५९०२२४  इमेल: nhrcskt@nhrcnepal.org
कार्यालय प्रमुख : ९८५८०३५२२४

सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
फोन नं. : ०९१-५२५६२१   इमेल: nhrcdhn@nhrcnepal.org
कार्यालय प्रमुख : ९८५८४२३६२१

प्रदेश शाखा कार्यालयहरु
कोशी प्रदेश शाखा कार्यालय,खोटाङ, दिक्तेल
फोन नं. : ०३६२०२८४इमेल: nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय,शान्तिनगर, नेपालगन्ज,बाँके
फोन नं. : ०८१-५३६७०८ इमेल: nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश कार्यालय, जुम्ला, खलंगा
फोन नं. : ९८५८३६६२०२